नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : २०८०/०८१ चलानी नं. : 900

मितिः- २०८०/०९/०३

विषयः- *सम्भाव्य परियोजना प्रस्ताव गर्ने सम्वन्धमा ।*

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै प्रदेश ।
श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०७/२३ को बैठकले आगामी २०८१ बैशाख ९ र १० गते (तदनुसार अप्रिल २१ र २२ मा) तेश्रो लगानी सम्मेलन गर्ने निर्णय गरेको छ । तेश्रो लगानी सम्मेलन आयोजनाको लागि नेपाल सरकारका मुख्य सचिवज्यूको संयोजकत्वमा गठित कार्यान्वयन समितिको मिति २०८०/०८/१९ गते बसेको पहिलो बैठकले लगानी सम्मेलनमा प्रस्तुत हुने परियोजनाको पहिचान, विकास र तयारी गर्न गठित प्राविधिक समिति समक्ष सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय तहसँग समन्वय गरी लगानीयोग्य सम्भाव्य परियोजनाको विवरण र उपलव्ध दस्तावेज प्राविधिक समितिलाई १ महिनाभित्र उपलव्ध गराउने भन्ने निर्णय भए वमोजिम लगानी वोर्डको कार्यालयको च.नं. ४५६ मिति २०८०/०८/०७ को पत्रबाट निर्णयको व्यहोरा सहित कार्यान्वयनका लागि अनुरोध भई आएको छ ।

अतः प्रस्तुत निर्णयमा उल्लेख भए वमोजिम प्रदेश र स्थानीय तहसँग सार्वजनिक-निजी साझेदारी तथा निजी लगानीमा कार्यान्वयन गर्न सकिने लगानीयोग्य सम्भाव्य परियोजनाको अध्ययनको अद्यावधिक स्थिति, आधारभूत विशेषता, अध्ययन प्रतिवेदन, वित्तीय विश्लेषण, सम्भाव्य विकास मोडालिटी लगायतका विवरण र उपरोक्त परियोजनासँग सम्वन्धित दस्तावेज (आवश्यक कागजात) १५ दिनभित्र यस मन्त्रालयको योजना तथा अनुगमन शाखामा आइपुग्ने गरी पठाउनु हुन साथै उपरोक्त दस्तावेज यस शाखाको ईमेल ठेगाना planning.section@mofaga.gov.np मा Soft Copy समेत पठाउनु हुन निर्णयानुसार अनुरोध छ ।

(गोविन्द के.सी.)
शाखा अधिकृत

__*वोधार्थः*__
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः
मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।